आज मिति २०७४ साल पौष महिनाको १९ गते ~~मंगल~~ बुधबारका दिन विहानको ठिक १.०० वजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

**तपशिल :**

श्री किसान गुरुङ्ग , नगर प्रमुख , नगर कार्यपालिका

श्री सविता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल, वडाध्यक्ष,६ नं.वडा (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री सानुमाया महत, सदस्य (नगर कार्यापालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर घर्ती. (न.का)

अन्य उपस्थिति :

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत,

निर्णय नं. १

नगरपालिका कार्यालयको नयाँ प्रशासनिक भवन निर्माण कार्यसम्पन्न गर्ने सन्दर्भमा भवनको माथिल्लो तलाको छतहरु (ट्रस्ट) निर्माण गर्न रु १,७६,६५१.६५ पैसा ( अक्षेरुपी रु एक लाख छेहत्तर हजार छ सय एकाउन्न रुपैया पैछठ्ठी पैसा मात्र) , टेलिफोन /ईन्टरकम वाईरिङ्ग बापत रु २७,६७७।१५ (अक्षेरुपी रु सत्ताईस हजार छ सय सतसठ्ठी मात्र ) पैसा र प्रमुख उपप्रमुखको लागि गोप्य कोठा निर्माण बापत रु १,०४,२९७.७७-( अक्षेरुपी रु एक लाख चार हजार दुई सय सन्तानब्बे रुपैया सतत्तर पैसा मात्र ) पैसामा कन्टिन्जेन्सि २.५% बापतको रकम रु ७,५००।- र १३% भ्याट बापतको रकम रु ४०,१२१.४६।- सहितको जम्मा रकम रु ३५६२४८.०४।- (अक्षेरुपी रु तिन लाख छपन्न हजार दुईसय अठ्चालिस रुपैया छयालिस पैसा मात्र ) रकम गत बर्षको अ.ल्या रकमबाट भुक्तानी गर्ने ।

निर्णय नं. २

वडागत योजना संशोधन /रकमान्तर गर्ने सन्दर्भमा पुजिगत शिर्षकबाट पुजिगत शिर्षकमा योजना संशोधन/ रकमान्तर गर्नका लागि वडा समितिलाई अधिकार प्रत्यायोजन गर्ने । सो सन्दर्भमा वडा समितिले यस प्रकारको निर्णय भएको १५ दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा जानकारी गराउने ।

निर्णय नं. ३

शुक्लागण्डकी नगरपालिका अर्न्तगतका स्वास्थ्य चौकीका बर्थिङ सेन्टरहरुमा २४ सै घण्टा सुरक्षित सुत्केरी सेवा उपलब्ध गराउँन ४ जना अ.न.मी (एस.वि.ए) करारमा भर्ना गर्नको लागि यस न.पा मा स्वास्थ्य कार्यक्रममा ससर्त अनुदान निकासा भै आएको हुँदा तत्काल करार अ.न.मी भर्ना प्रकृया नियमानुसार अघि बढाउने ।

निर्णय नं. ४

शु.न.पा अर्न्तगतका स्वास्थ्य चौकीहरुमा भ्याक्सिन,औषधी ढुवानी लगाएत कार्यालय सरसफाई आदी कामको लागि ४ जना कार्यालय सहयोगी करार सेवामा भर्ना गर्न आ.व ०७४।७५ को यस न.पा स्वास्थ्य कार्यक्रममा बजेटको व्यवस्था भै आएको हुँदा दुलेगौडा, फिरफिरे,राईपुर र ढोरफिर्दी स्वास्थ्य चौकीलाई नगर पालिकामा कार्यालय सहयोगी छनौट गर्न गठित समितिले नै छनौट गरि सिफारिस गर्न आवश्यक प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ५

शु.न.पा भित्र विभिन्न वडाहरुमा कार्यरत ५८ जना म.स्वा.स्व.सेविकाहरुले आ–आफ्नै कार्यक्षेत्रमा गरेको कामको प्रतिवेदन बुझाउन तथा मासिक रुपमा स्वास्थ्य चौकीमा बैठकमा जाँदा आउँदाको यातायात खर्च बापत यस अघिका वर्षहरुमा पनि सम्बन्धित गा.वि.स ,न.पा ले दिदै आएको हुँदा यस आ.व ०७४।७५ को लागि रु २,७८,४००।– (अक्षेरुपी रु दुई लाख अठहत्तर हजार चार सय मात्र) यातायात खर्च रकम लक्षित कार्यक्रमबाट उपलब्ध गराउँने ।

निर्णय नं. ६

शु.न.पा ७ स्थीत अर्चलथुम प्रा.वि को भवन जिर्ण भै पठन पाठनमा समस्या आएकोले त्यहाँको भौतिक अवस्थाको बारेमा अध्ययन गरि ईष्टिमेट गर्न नगरपालिकाबाट प्राविधिक पठाउँने ।

निर्णय नं. ७

शु.न.पा १ थप्रेक निवासी श्री ममिन मियाको ( मिती २०७४।०८।२७ गतेको प्राप्त निवेदन र १ नं. वडा कार्यालयको सिफारिस अनुसार ) घर धन्सार,धानको कुनियो ,पराल,काठदाउँरा लगाएत करिव रु ६,८७,५००।–(अक्षेरुपी रु छ लाख सतासी हजार पाच सय रुपैया मात्र) रुपैया बरावरको धनमाल मिती २०७४।०८।२४ गते अन्दाजी राती १० बजे अज्ञात समुहले आगलागि गराई क्षती पुर्‍याएकोले दैवी प्रकोप राहत कोषबाट निजलाई रु १०,०००।– (अक्षेरुपी रु दश हजार मात्र) रकम सहयोग गर्ने ।

निर्णय नं. ८

शु.न.पा अर्न्तगतका शहरी स्वास्थ्य केन्द्रहरु लालिम,ठुटेपिपल,घारी र एक्लेखेतमा कार्यरत अ.हे.व/अ.न.मी हरु ले हालसम्म खाईपाई आएको तलब सुविधामा एकरुपता नभएको र तलब ज्यादै न्युन भएको हुँदा शहरी स्वास्थ्य केन्द्रहरुमा निम्न पदहरुमा कार्यरत कर्मचारीहरुको तलब ०७४ साल माघ १ गतेबाट लागु हुने गरि निम्नानुसार समायोजन गर्ने ।

क) अ.हे.ब – प्रतिमहिना रु १५,०००।–

ख) अ.न.मी – प्रतिमहिना रु १५,०००।–

प्रमुख

ग) का.स – प्रति महिना रु ८,०००।–

निर्णय नं. ९

शु.न.पा का केही वडाहरुमा भुगोल तथा जनसंख्याको हिसाबले धैरै ठुलो भएको र म.स्वा.स्व.सेविकाहरुले राष्ट्रिय भिटामिन ए तथा डिवर्मिन कार्यक्रम तथा आमा सुरक्षाका कार्यक्रमहरुमा सेवा दिन गाह्रो भएको हुँदा निम्न वडाहरुमा निम्न संस्थामा म.स्वा.स्व.सेविका नियमानुसार थप गर्ने ।

क) वडा नं. ४ – १ जना

ख) वडा नं. ५ – १ जना

ग) वडा नं. ८ – २ जना

प्रमुख

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत